# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## सिलबन्दी बोलपत्रको म्याद थप सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७७/२/१५)

यस प्रतिष्ठानको परिसरभित्रको शौचालयहरू मर्मत सम्भार कार्य सम्बन्धी मिति २०७६/११/२१ गतेको गोरखापत्रमा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार बोलपत्र फाराम खरिद गर्ने म्याद थप गरि निम्नानुसारको व्यवस्था गरिएको छ । बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/संस्था/कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर प्रमाण-पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र पेश गर्नु पर्नेछ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

अनुमानित लागतः रु.३३,८०,०९३/६६ (कन्टिन्जेन्सी र मूल्य अभिबृद्धि कर बाहेक)

| क्र. सं. | कार्यको विवरण | फाराम दस्तूर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र फाराम खोलिने मिति र समय | बोलपत्र जमानतको लागि बैंक ग्यारेण्टीको आवश्यक मान्य अवधि |
|---|---|---|---|---|---|---|
| १. | शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्य | रु.३०००/- | मिति २०७७/२/२६ गते, सोमवार (कार्यालय समयभित्र) | मिति २०७७/२/२७ गते, मंगलवार दिनको १२:०० बजेसम्म | मिति २०७७/२/२७ गते, मंगलवार दिनको १२:३० बजेपछि | बोलपत्र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० (एकसय बीस) दिन अवधिको हुनु पर्ने |

### शौचालयहरू मर्मत सम्भार कार्य सम्बन्धी बोलपत्रदातालाई जानकारी तथा शर्तहरू

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र रु.३,०००/- (तीनहजार मात्र) (फिर्ता नहुने) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ र ३१औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र फाराम यस प्रतिष्ठानमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिनको १२:३० बजेपछि बोलपत्रदाता वा निजको मञ्जुरीनामा पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । आधिकारिक पत्र विना बोलपत्रदाता वा मञ्जुरीनामा पत्र विना बोलपत्रदाताको प्रतिनिधिलाई बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. ***सिलबन्दी बोलपत्र फारामसाथ निम्नलिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछः***

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाण-पत्र (नवीकरण भएको/सम्बन्धित कार्य गर्न इजाजत प्राप्त भएको) को प्रमाणित प्रतिलिपि

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(ग) आ.ब.२०७५/७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(घ) बोलपत्र जमानत बापत रु.१,११,२२४/-(एकलाख एघारहजार दुईसय चौबीस) मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.**००७००१०१६३२३४** मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र बोलपत्र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति

(ङ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाँए नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(च) पावर अफ एटर्नीको सक्कल प्रति

३. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/संस्था/कम्पनीले आधिकारिक पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेपछि मात्र बोलपत्र फाराम दिइनेछ ।

NASC

बोलपत्रदाताले यस प्रतिष्ठानबाट वितरित बोलपत्र फाराम नै प्रयोग गर्नु पर्नेछ । अन्य तवरले प्राप्त बोलपत्र फाराम मान्य हुने छैन ।

४. जुन फर्म/संस्था/कम्पनीले बोलपत्र फाराम खरिद गरेको हो सोही फर्म/संस्था/कम्पनीबाट मात्र बोलपत्र फाराम पेश गर्न पाइनेछ ।

५. बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक सही तथा फर्म/संस्था/कम्पनीको छाप लागेको हुनु पर्नेछ र बोलपत्रको खाम बाहिर "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान" तथा "शौचालयहरू मर्मत सम्भार कार्य सम्बन्धी बोलपत्र" उल्लेख गरेको हुनु पर्नेछ ।

६. बोलपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: बिदापछि कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा बोलपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ ।

७. सिलबन्दी नभएको, म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखिएको वा बुँदा नं. २ मा उल्लिखित कागजपत्रहरू पेश नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

८. बोलपत्रदाताले बोलपत्र फारामको BoQ मा उल्लिखित सबै आइटमहरूका लागि अनिवार्य रुपमा रकम कबोल गर्नु पर्नेछ । सबै आइटमहरूका लागि रकम कबोल नगर्ने बोलपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

९. बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नु पर्नेछ । अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाउंमा बोलपत्रदाताले सही गर्नु पर्नेछ ।

१०. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

११. बोलपत्र स्वीकृत भएको १५ (पन्ध्र) दिनभित्र प्रतिष्ठानमा सम्झौता गर्न आउन स्वीकृत बोलपत्रदातालाई जानकारी गराइनेछ । सम्झौता गर्न आउँदा कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) बापत **प्रतिष्ठानले तोके अनुसारको** रकम मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.**००७००१०१६३२३४** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र सम्झौता भएको मितिले कम्तीमा १५ (पन्ध्र) महिनाको म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा स्वीकृत बोलपत्रदाताको बोलपत्र जमानत रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ

१२. सम्झौतामा सही गर्न स्वीकृत बोलपत्रदाता आफै वा मन्जुरीनामा पत्र सहितको आफ्नो प्रतिनिधि तथा एक जना साक्षी सहित उपस्थित हुनु पर्नेछ ।

१३. सम्झौता गर्न आउँदा स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्यका लागि आफूले मूल्य अभिबृद्धि कर सहित कबोल गरेको कूल रकम बराबरको र कम्तीमा १ (एक) वर्ष अवधिको निर्माण बीमाका साथै बोलपत्रदाताको तर्फबाट मर्मत सम्भार कार्यमा संलग्न हुने जनशक्तिहरू तथा प्रतिष्ठानले तोकेको संख्या अनुसारको जनशक्तिको बीमा गरेको सक्कल कागजपत्र पेश गर्नु पर्नेछ ।

१४. अस्वीकृत बोलपत्रदाताको बोलपत्र जमानत स्वीकृत बोलपत्रदाता र प्रतिष्ठानबीच सम्झौता भएपछि फिर्ता गरिनेछ ।

१५. शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाताबीच हुने सम्झौताको म्याद दुवै पक्षबाट सम्झौतामा सही भएको मितिले सम्झौतामा उल्लिखित अवधिसम्म कायम रहनेछ ।

१६. बोलपत्र फाराममा उल्लिखित शौचालयहरूको मर्मत सम्भार सम्बन्धी कार्यको आइटम, परिमाण, ड्रइङ्ग, डिजाइन तथा नक्शामा प्रतिष्ठानको आवश्यकता अनुसार हेरफेर भएमा, थपघट भएमा वा प्रतिष्ठानले भेरिएशन आदेश दिएमा स्वीकृत बोलपत्रदाताले स्वीकार गर्नु पर्नेछ ।

१७. बोलपत्र फाराममा उल्लिखित शौचालयहरूको मर्मत सम्भार सम्बन्धी कार्यको आइटम तथा परिमाणमा प्रतिष्ठानको आवश्यकता अनुसार हेरफेर तथा कार्यको परिमाणभन्दा थप कार्य गराउनु परेमा स्वीकृत बोलपत्रदाताले सम्झौतामा उल्लेख भएको मूल्यमा नै थप कार्य अनिवार्य रुपमा गर्नु पर्नेछ ।

NASC

१८. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानले कार्यादेश दिएको मितिले ७५ (पचहत्तर) दिनभित्र सम्झौता अनुसार, बोलपत्र फाराममा उल्लेख भए अनुसार र प्रतिष्ठानले तोके अनुसार शौचालयहरू मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पन्न गरिसक्नु पर्नेछ ।

१९. स्वीकृत बोलपत्रदाताले गरेका शौचालय मर्मत सम्भार तथा सोसंग सम्बन्धित अन्य सबै सामानहरूको मर्मत सम्भार, आवश्यक परेमा सामानहरू समेत फेर्ने, साट्ने तथा त्रुटी सच्याउने सम्बन्धमा कम्तीमा १ (एक) वर्ष अवधिको लागि वारेण्टी रहनेछ । वारेण्टी अवधिभित्र गरिने त्रुटी सच्याउने कार्य, मर्मत सम्भार, फेरिने तथा साटिने सम्बन्धित सामानहरूको कुनै पनि भुक्तानी प्रतिष्ठानले गर्ने छैन । प्रतिष्ठानले तोकेको कर्मचारी वा प्राविधिक वा परामर्शदाताबाट अन्तिम जाँच गराई मर्मत सम्भार सम्बन्धी कार्य उपयुक्त भएको प्रतिवेदन प्राप्त भई तथा प्रतिष्ठानले कार्यस्वीकार गरेपछि मात्र वारेण्टी अवधि गणना गरिनेछ । साथै वारेण्टी अवधिभित्र गरिने त्रुटी सच्याउने कार्य, मर्मत सम्भार, सामानहरू फेर्ने तथा साट्ने आदि कार्यका लागि प्रतिष्ठानले निर्देशन दिएको ७ (सात) दिनभित्र स्वीकृत बोलपत्रदाताले सम्पन्न गरिसक्नु पर्नेछ । सामानहरू फेर्न तथा साट्नको लागि प्रतिष्ठानबाट बुझी लिई लैजाने र प्रतिष्ठानमा फिर्ता ल्याउने व्यवस्था बोलपत्रदाता आफैले गर्नु पर्नेछ ।

२०. स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्यमा प्रयोग गर्ने तथा अन्य सम्बन्धित सबै सामानहरूको गुणस्तर तथा स्पेसिफिकेशन सम्झौता अनुसार, बोलपत्र फाराममा उल्लेख भए अनुसार र प्रतिष्ठानले तोके अनुसारको हुनु पर्नेछ ।

२१. स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्यमा प्रयोग गर्ने सम्बन्धित सबै सामानहरूको गुणस्तर जाँचका साथै मर्मत सम्भार सम्बन्धी कार्यको प्रत्येक चरणको जाँच प्रतिष्ठानले तोकेको कर्मचारी वा प्राविधिक वा परामर्शदाताले गर्नेछ । जाँचका क्रममा देखिएका त्रुटीहरू सच्याउन प्रतिष्ठानले तोकेको कर्मचारी वा प्राविधिक वा परामर्शदाताले दिएको निर्देशन स्वीकृत बोलपत्रदाताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

२२. स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्य गर्दा प्रतिष्ठानका सामानहरू टुटफुट वा नोक्सान भएमा प्रतिष्ठानले निर्धारण गरे अनुसार क्षतिपूर्ति बापतको रकम स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानलाई बुझाउनु पर्नेछ । यस्तो रकम प्रतिष्ठानले स्वीकृत बोलपत्रदातालाई भुक्तानी दिनुपर्ने रकम वा स्वीकृत बोलपत्रदाताको कार्यसम्पादन जमानत बापतको रकमबाट असूल गर्न सक्नेछ ।

२३. प्रतिष्ठानमा शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्यको क्रममा लाग्ने अन्य सम्बन्धित आवश्यक सामानहरूको कुनै पनि भुक्तानी प्रतिष्ठानले गर्ने छैन । स्वीकृत बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

२४. स्वीकृत बोलपत्रदाताले सम्झौता अनुसार कार्य नगरेमा वा गरेका कार्यहरू सम्झौता अनुसार, बोलपत्र फाराममा उल्लेख भए अनुसार र प्रतिष्ठानले निश्चित गरेको गुणस्तर तथा स्पेशिफिकेशन अनुसारको नभएमा प्रतिष्ठानले शौचालय मर्मत सम्भार सम्बन्धी कार्य अन्यत्रबाट गराउन सकनेछ । यसरी कार्य गराउँदा सम्झौतामा उल्लिखित रकमभन्दा बढी लागेमा बढी लागेको रकम प्रतिष्ठानले स्वीकृत बोलपत्रदाताबाट असूल गरिनेछ वा प्रतिष्ठानले सम्झौता खारेज गरी स्वीकृत बोलपत्रदाताको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

२५. स्वीकृत बोलपत्रदाताले सम्झौतामा उल्लिखित अवधिभित्र शौचालय मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्यसम्पन्न नगरेमा प्रतिष्ठानले स्वीकृत बोलपत्रदाताबाट पूर्व निर्धारित क्षतिपूर्ति लिई नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

२६. स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्य प्रतिष्ठानले तोकेको कर्मचारी वा प्राविधिक वा परामर्शदाताबाट प्राविधिक चेकजाँच गराई उपयुक्त भएको तथा कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यस्वीकार गरिनेछ ।

२७. स्वीकृत बोलपत्रदातालाई शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्यका लागि कुनै पनि पेश्की (एडभान्स पेमेण्ट) उपलब्ध गराउने छैन ।

२८. स्वीकृत बोलपत्रदाताले शौचालयहरू मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पन्न गरेपछि तथा प्रतिष्ठानले सो कार्यस्वीकार गरेपछि मात्र स्वीकृत बोलपत्रदातालाई सम्पन्न कार्य परिमाण र इकाई दरको आधारमा एकमुष्ट रकम भुक्तानी दिइनेछ ।

२९. प्रतिष्ठानमा शौचालयहरू मर्मत सम्भार सम्बन्धी कार्य गरे वापत तिर्न बुझाउनु पर्ने कर, शुल्क, महसुल वा अन्य यस्तै भुक्तानी गर्नु पर्ने सबै दायित्वहरू स्वीकृत बोलपत्रदाताको हुनेछ ।

३०. स्वीकृत बोलपत्रदातालाई प्रतिष्ठानबाट गरिने भुक्तानी रकमबाट नियमानुसार लाग्ने करकट्टी गरी मात्र भुक्तानी दिईनेछ ।

३१. शौचालयहरूको मर्मत सम्भार सम्बन्धी कार्यको वारेण्टीको अवधि समाप्त भएपछि मात्र नियमानुसार कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम बिना ब्याज फिर्ता गरिनेछ ।

३२. बोलपत्र सम्बन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिनेछ ।

३३. प्रतिष्ठान र स्वीकृत बोलपत्रदाताबीच हुने सम्झौता सम्बन्धमा कुनै विवाद उठेमा श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको निर्णय अन्तिम हुनेछ र हुने निर्णय प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुवैलाई मान्य र अन्तिम हुनेछ ।

३४. बोलपत्र फाराम तथा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाताबीच हुने सम्झौतामा उल्लिखित शर्तहरू बाहेक अन्य कुराको हकमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुबैको आपसी सहमति बमोजिम हुनेछ ।

३५. यस जानकारी तथा शर्तमा उल्लेख नभएका कुराहरूको हकमा बोलपत्र फाराम तथा यस प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ बमोजिम हुनेछ ।

३६. यस सम्बन्धी विस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

**Bill of Quantity (Project: Repairs and Maintenance of Toilets)**

| S. No. | Description | Quantity | Unit |
|---|---|---|---|
| 1 | Dismentaling of Mosaic/glazed tiles | 296.25 | M2 |
| 2 | Dismentaling of cement sand plaster wall Floor | 296.25 | m2 |
| 3 | Dismentaling of PCC of Floor | 3.50 | m3 |
| 4 | Dismentaling of Brick Works with cement Mortar | 19.36 | m3 |
| 5 | Dismentaling of Pan commode wash basin urinal pipes if needed | 13.00 | nos |
| 6 | Dismentaling of door shutters with choukhats of different sizes | 21.00 | nos |
| 7 | Porocelain Clay White glazed EWC Constellation COMODE all complete set (Hindware, Paryware, Somany, Cera or eqvivalent) | 14.00 | nos |
| 8 | (63*50)cm Porocelain clay white glazed O-Counter wash Basin With mixture complete set (Duravit, Grohe, American Standard, Thai or equivalent) | 14.00 | nos |
| 9 | Flat Back White Glazed Urinal (46.5*35.5*26.5) cm with sensor Valve all complete set | 13.00 | nos |
| 10 | (45*35) cm White glazed Squatting Plate Urinal complete set | 2.00 | nos |
| 11 | (68*30) cm White glazed urinal Partation with all complete set | 13.00 | nos |
| 12 | Chrome Plate Toilet paper holder | 14.00 | nos |
| 13 | Stainless steel Soap container | 14.00 | nos |
| 14 | Stainless Steel Towel Rod 1/2"*18" size | 14.00 | nos |
| 15 | C.P Glass Shelf 22" size | 14.00 | nos |
| 16 | Looking Mirror of Modi Guard 18"*24" | 14.00 | nos |
| 17 | 1/2" C.P Bib Cock | 14.00 | nos |
| 18 | 1/2" Commode Spray | 14.00 | nos |
| 19 | 1/2" Gate Valve | 14.00 | nos |
| 20 | PVC Floor Trap 4"*21/2" | 28.00 | nos |
| 21 | C.P Greeting 110 mm | 28.00 | nos |
| 22 | 15 mm GI pipes | 50.00 | RM |
| 23 | 20 mm GI pipes | 20.00 | Rm |
| 24 | 25 mm GI pipes | 25.00 | Rm |
| 25 | 110 mm PVC pipes 6kg/cm2 | 120.00 | Rm |
| 26 | Hand Dryer Germany with complete accessories (Grohe, Hansgrohe, American standard or equivalent) | 4.00 | nos |
| 27 | 20 mm PPR (Poly Propylene Random Co-Polymer) pipe PN10 (Panchakanya, Nepatop or equivalent) | 50.00 | RM |

NASC

| S. No. | Description | Quantity | Unit |
|---|---|---|---|
| 28 | 25 mm PPR (Poly Propylene Random Co-Polymer) pipe PN10 (Panchakanya, Nepatop or equivalent) | 10.00 | RM |
| 29 | 32 mm PPR (Poly Propylene Random Co-Polymer) pipe PN10 (Panchakanya, Nepatop or equivalent) | 25.00 | RM |
| 30 | 110 mm Plain Tee | 21.00 | nos |
| 31 | 110 mm bend 90 degree | 21.00 | nos |
| 32 | 110 mm bend 45 degree | 21.00 | nos |
| 33 | 110 mm cross tee | 21.00 | nos |
| 34 | 110 mm pipe clip | 21.00 | nos |
| 35 | 75 mm PVC 6kg/cm2 | 120.00 | Rm |
| 36 | 50 mm PVC 6 kg/cm2 | 30.00 | Rm |
| 37 | 50 mm 90 degree bend | 15.00 | nos |
| 38 | 75 mm 90 degree bend | 42.00 | nos |
| 39 | 50 mm 45 degree bend | 15.00 | nos |
| 40 | 75 mm 45 degree bend | 42.00 | nos |
| 41 | 75 mm Y Branch | 15.00 | nos |
| 42 | 110 Gulley Traps | 6.00 | nos |
| 43 | 75 mm pipe clip | 42.00 | nos |
| 44 | Good quality Chimney made brick works 1:4 cement sand with perfect line level including wetting the bricks racking the joints and curing the works all complete | 15.28 | m3 |
| 45 | 2 coats plastic Emulsion paints over one coats of primer paint with properly cleaned surface | 204.95 | m2 |
| 46 | Suppling and Laying of Glazed Porocelain Clay tiles in cement sand 1:4 with approved colour on wall and floor all complete | 315.70 | m2 |
| 47 | Well seasoned salChoukhats for Doors with hold fast and concreting | 0.11 | m3 |
| 48 | 6 mm water proof ply wood shutter with 38 mm sal wood frame | 11.87 | m2 |
| 49 | 5 mm Glass fixed with wood listic | 11.87 | m2 |
| 50 | Plain Cement Concrete (PCC) in 1:1.5:3 ratio for foundations, flooring and walls with machine used | 0.93 | m3 |
| 51 | Formwork, shuttering, centering with approved materials | 7.71 | m2 |
| 52 | Tor steel reinforcement bar of fe 415/500 grade | 98.17 | kg |
| 53 | Existing Materials commode, pan, urinal, door shutter/choukhats etc. which comes from dismentaling hand over to the concern authority | 6.00 | nos |
| 54 | Laying of 16 mm thick Grainite with 20 mm cement sand 1:4 ratio base | 10.20 | m2 |
| 55 | Fixing of 25 mm thick plain Particle board both sides lamination melamined face Alstone Hybrid Board (WPC Board) Rucca Eco Wood Femiuha Century or equivalent (Interiors Grade) with necessary suitable size frame of stainless steel according to instruction of site technicians | 82.28 | m2 |
| 56 | 12.5 mm thick cement sand plaster in (1:4) ratio on wall | 242.95 | m2 |
| 57 | Disposal of dismentaled materials up to 6 kms which are not handover to concern authority | 16.88 | m3 |

NASC

NASC